स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः २४ मितिः २०७९।१२।१०

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७९।१२।०७ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"विरुवा प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि-२०७९"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

नेपाल वहुजातीय, वहुभाषिक, वहु सांस्कृतिक मुलुक हुनाले यहाँ अनेक ज्ञानका भण्डारहरु, जातजाति भाषाभाषी र कलाकौशलहरु छन् र तिनको संरक्षण, संबद्र्धन एवम् विकास गरेर तिनलाई समुन्नत बनाउने महत्वपूर्ण औजार भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधि जस्ता यावत् पक्षको समुचित विकास गर्ने अभिप्रायले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विरुवा गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद —१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"विरुवा प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि-२०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "गाउँपालिका" भन्नाले विरुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) “अध्यक्ष” भन्नाले विरुवा गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) “उपाध्यक्ष” भन्नाले विरुवा गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) “गाउँपालिका अध्यक्ष प्रशासकीय अधिकृत” भन्नाले विरुवा गाउँपालिकाका गाउँपालका अध्यक्ष प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) “कार्य समिति” भन्नाले दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

च) “परिषद्” भन्नाले दफा ७ बमोजिम गठित परिषद् सम्झनु पर्दछ ।

छ) “प्रतिष्ठान” भन्नाले विरुवा प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

ज) “भाषा” भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्दछ ।

झ) “कला” भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, बास्तुकला ललितकला लगायतका सृजनालाई सम्झनु पर्दछ ।

ञ) “साहित्य” भन्नाले राष्ट्रका हरेक भाषाका गद्यपद्यमा सृजित विविध विधा, श्रव्य, दृष्य, लिखित एवं मौखिकलोक वार्ता समेतलाई सम्झनु पर्दछ ।

ट) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्दछ

ठ) "अध्यक्ष" भन्नाले विरुवा प्रज्ञा प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्दछ ।

ड) "उपाध्यक्ष" भन्नाले प्रतिष्ठानको उपाध्यक्ष सम्झनु पर्दछ ।

ढ) "सचिव" भन्नाले प्रतिष्ठानको सदस्य सचिव सम्झनु पर्दछ ।

ण) "पदाधिकारी" भन्नाले प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष र सचिबलाइ सम्झनु पर्दछ ।

त) "तोकिएका वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र कायविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २

## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) गाउँपालिका क्षेत्रभित्रका वौद्धिक सम्पत्ति, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, सम्वर्धन, प्रोत्साहन तथा विकास गर्न आवश्यक भएकाले यस ऐनमा व्यवस्था भए बमोजिम प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको कार्यालय विरुवा गाउँपालिकामा रहने छ ।

(३) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य कुनै व्यवस्था गर्न कार्यपालिकाले सिफारिस गरे बमोजिम हुनेछ,

(५) प्रतिष्ठानको आफ्नै छाप र चिन्ह हुनेछ ।

४. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** (१) प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्

क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

ख) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संकलन, संरक्षण, सम्बद्र्धन तथा अध्ययन अनुसन्धान गर्ने, गराउने ।

ग) प्रतिष्ठानका क्षेत्राधिकार भित्रका अनुसन्धानात्मक तथा मौलिक कृति संकलन सृजना तथा प्रकाशन गर्ने,

घ) बौद्धिक बैंक, ग्यालेरी तथा संग्रहालय स्थापना र तोकिए बमोजिम संचालन गर्ने,

ङ) बौद्धिक बैंकमा जम्मा भएका बौद्धिक सम्पत्तिहरुको आधिकारिकताकालागि प्रचलित कानून बमोजिम गर्ने,

च) खण्ड ख),ग) र घ) का क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति र संस्थालाई तोकिए बमोजिम कदर, सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने,

छ) विरुवा पुस्तकालय संचालन गर्ने र यसको संचालन प्रक्रिया तोकिए बमोजिम हुने ।

ज) खण्ड ख) र घ) को प्रयोजनकालागि अध्ययन अनुसन्धान गर्न विद्वत्बृत्तिको व्यवस्था गर्न सक्ने,

झ) प्रशिक्षण तथा वौद्धिक विकासका कार्यक्रम गर्ने,

ञ) खण्ड ख) र घ) अनुसारका कार्यको माध्यमबाट स्थानीय तह, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसित परिचित हुने र परिचित गराउने,

ट) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता, अवलोकन एवम् सिर्जनात्मक भ्रमणको आयोजना गर्ने,

ठ) यसै अनुसारका अन्य संघसंस्थासँग गाउँपालिकाको समन्वय र सिफारिसमा भाईचारा सम्बन्ध स्थापना

र बिस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने,

ढ) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्ने,

ण) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने ।

त) कार्यपालिकाको निर्देशन पालना गर्ने ।

## परिच्छेद ३
## सांगठनिक स्वरुप र गठन प्रक्रिया

५. **प्रतिष्ठानको सांगठनिक स्वरुपः** प्रतिष्ठानको सांगठनिक स्वरुप देहाय बमोजिमको हुनेछः

क) परिषद्

ख) कार्यसमिति

६. **सिफारिस समितिको गठनः** (१) प्रतिष्ठानको कार्यसमिति, परिषद्का पदाधिकारी र सदस्यहरूको मनोनयन गर्न गाउँपालिका समक्ष सिफारीस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिने छः—

क) गाउँपालिका अध्यक्ष — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग)  कार्यपालिकाले तोकेका कार्यपालिका सदस्यमध्येबाट २ जना — सदस्य

घ) भाषा, साहित्य, कला संस्कृति, ज्ञान, विज्ञान प्रविधिका क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्ये गाउँपालिका अध्यक्षको सिफारिसमा कार्यपालिकाले तोकेको व्यक्ति १ जना — सदस्य

(२) उपदफा १) बमोजिमको समितिले सदस्यकालागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्यातिप्राप्त, उच्च नैतिकवान व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) समितिले सिफारिस गर्दा समावेशितालाई समेत आधार लिनु पर्ने र कम्तिमा २५% सदस्य गठन प्रक्रिया सुरु हुनुभन्दा अघिको परिषद्का सदस्यहरूबाट गर्न सक्ने छ ।

(४) सिफारिस समितिले कार्यसमितिका पदाधिकारी तथा सदस्यको मनोनयनका लागि देहाय बमोजिम सिफारिस गर्नु पर्नेछ ।

क) अध्यक्षका लागि १ जना

ख) उपाध्यक्षका लागि १ जना

ग) सदस्य सचिबका लागि १ जना

घ) कार्यसमिति सदस्यका लागि २ जना

ङ) परिषद्का सदस्यका लागि ६ जना ।

(५) उपदफा १) बमोजिमको समितिले परिषद्का पदाधिकारी र सदस्य पदमा मनोनयनका लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम ३), ४) र ५) अनुसारका व्यक्तिको नाम १५ दिनभित्र कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ तर सो म्यादभित्र सिफारिस समितिबाट सिफारिस भई नआएमा कार्य समिति र परिषद् गठन हुन बाधा परेमा कार्यपालिकाले गठन गर्न सक्नेछ ।

७. **परिषद्को गठनः** (१) प्रतिष्ठानमा पदाधिकारी सहित वढीमा १३ जनाको परिषद् रहने छ ।

(२) उपदफा १) बमोजिमको परिषद्मा जातजाति, भाषाभाषी, साहित्य, कला, संस्कृति, विज्ञान प्रविधि एवम् महिला समेतको प्रतिनिधित्व हुने गरी ६ जना सदस्यहरु सिफारिस समितिको सिफारिसमा कार्यपालिकाद्वारा मनोनयन गरिने छ ।

(३) गाउँपालिका अध्यक्षको सिफारिसमा कार्यपालिकाद्वारा २ जना मनोनयन गरिनेछ ।

(४) कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव पदेन अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव रहनेछन् र सदस्यहरु पदेन सदस्य रहनेछन् ।

(५) परिषद्का पदाधिकारी र सदस्यहरूको पदावधि ४ बर्षको हुनेछ र पटक पटक गरी गठन भएमा सुरु गठनबाट अवधि गणना हुनेछ ।

(६) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुनगएमा बाँकी अवधिको लागि कार्यपालिकाद्वारा मनोनित गरिने छ ।

(७) कार्यसमिति र परिषद् सदस्यहरूको सेवा सुविधा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

८. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नीति निर्धारण गर्ने,

ख) बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

ग) बार्षिक बजेट पारित गर्ने,

घ) लेखनबृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

ङ) कार्यसमितिलाई सुझाब र सहजीकरण गर्ने,

च) संस्थाको हितका अन्य कार्य गर्ने ।

९. **परिषद्को बैठक सम्बन्धी ब्यवस्थाः** (१) परिषद्को बैठक बर्षमा दुई पटक बस्ने छ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्ने छ ।

(३) बैठक बस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तु सहितको सूचना सदस्य सचिबले कम्तिमा ५ दिन अगावै विद्युतीय माध्यम वा पत्रद्वारा सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(७) परिषद् बैठकको निर्णय सदस्यसचिवले अध्यक्षबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## कार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१०. **कार्य समितिको गठनः** (१) प्रतिष्ठानको दैनिक कार्य संचालन गर्न सिफारिस समितिको सिफारिस बमोजिम कार्यपालिकाले देहाय बमोजिमको कार्य समितिगठन गर्नेछ ।

क) अध्यक्ष — १ जना

ख) उपाध्यक्ष — १ जना

ग) सदस्यसचिव — १ जना

घ) सदस्य — २ जना

(२) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रित्त हुन गएमा बाँकी अवधिको लागि अर्को व्यक्तिलाई कार्यपालिकाद्वारा मनोनित गरिनेछ ।

११. **कार्य समितिको काम कर्तव्य र अधिकारः** (१) कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) परिषद्ले गरेको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

ख) लेखा परीक्षणको प्रतिवेदन बैठकबाट पारित गराई सभा समक्ष पेस गर्ने,

ग) सचिवले पेस गरेको बार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनकालागि सभा समक्ष पेस गर्ने,

घ) प्रतिष्ठानको चलअचल सम्पत्तिको व्यवस्थापन, संचालन, संरक्षण र रेखदेख गर्ने गराउने,

ङ) प्रतिष्ठानको कोषको व्यवस्था र संचालन गर्ने,

च) कार्यसमितिले काम कारबाहीलाई व्यवस्थित बनाउनका लागि वढीमा ५ वटा विभाग गठन गर्न सक्ने छ ।

छ) कार्य समितिले आवश्यकतानुसार उपसमिति र कार्यदल गठन गर्न सक्ने छ ।

ज) कार्य समितिले विभाग, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तोक्नेछ ,

झ) एउटा विभागमा रहेको व्यक्ति अर्को विभागमा रहन पाउने छैन र विभाग अन्तर्गत गठित उपसमितिमा समितिका पदाधिकारी रहने छैनन् तर कुनै निश्चित कामका लागि गठन हुने कार्यदलमा भने पदाधिकारी रहन वाधा पर्ने छैन ।

ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१२. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) परिषद् र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

ख) परिषद् र कार्यसमितिले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने

ग) प्रतिष्ठानको बार्षिक कार्यक्रम, बजेट, प्रतिबेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

घ) गाउँपालिका, अन्यपालिका, संघ सस्था, समिति तथा उप समितिहरुसँग समन्वय  र सहकार्य गर्ने,

ङ) कार्य समितिको स्वीकृतिलिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

च) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायको बमोजम हुनेछ,

क) कार्यसमिति र परिषद्को बैठकमा उपस्थित हुने,

ख) अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता गर्ने,

ग) परिषद् र कार्य समितिले गरेका निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

घ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

ङ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,

१४. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** (१) सदस्य सचिबको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ ।

क) अध्यक्षको अनुमतिमा बैठक वोलाउने,

ख) संस्थाको हिसाब किताब दुरुस्त राख्ने,

ग) संस्थाका निर्णयहरु सदस्यहरुलाई जानकारी गराउने,

घ) कार्यालय व्यवस्थापन गर्ने,

ङ) बैठकका निर्णयहरु कार्यन्वयन गर्ने, गराउने,

च) सम्पर्क व्यक्तिको रुपमा कामकाज गर्ने,

छ) अध्यक्ष तथा समितिले तोकेका कार्य गर्ने,

ज) संस्थाको सम्पूर्ण अभिलेख अध्यावधिक गर्ने ।

१५. **सदस्यहरुको काम, कर्तव्य र अधिकारः** (१) सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ,

क) बैठकमा उपस्थितभई छलफल र निर्णयमा सहभागी हुने ,

ख) नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्ने,

ग) अध्यक्ष, उपाध्यक्ष तथा सचिवको कार्यमा सहयोग गर्ने,

घ) आफुलाई जिम्मा दिईएका अन्यकामहरु गर्ने,

१६. **कार्य समितिको बैठकः** (१) कार्यसमितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) कार्य समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) कार्य समितिको बैठक हुनुभन्दा कम्तिमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरूलाई दिनु पर्ने छ ।

(४) कार्य समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) बैठकमा बहुमतको निर्णय मान्यहुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सचिवले सुरक्षित राखेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद —५

## पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

१७. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा पदाधिकारी वा सदस्यहरुको पद रिक्त हुनेछ,

क) पदावधि समाप्त भएमा,

ख) राजिनामा दिएमा,

ग) मानसिक संतुलन ठीक नभएमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

ङ) दफा १८ अनुसार पदबाट हटेमा वा मृत्यु भएमा ।

१८. **पदबाट हटाउन सक्नेः** (१) पदाधिकारी, कार्यसमिति सदस्य वा परिषद्का सदस्यले यस ऐन बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई परिषद्मा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले

अध्यक्ष समक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले आफ्नो राय सहित गाउँपालका अध्यक्ष समक्ष पेस गर्नु पर्ने छ ।

(२) गाउँपालिका अध्यक्षबाट छानबीन गरी मनासिब देखिएमा गाउँपालिका अध्यक्षद्वारा मनोनितलाई गाउँपालिका अध्यक्षले र अन्यलाई कार्यपालिकाले पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि सफाइको मौका प्रदान गरिनेछ ।

(३) ६ महिनासम्म वैठक बस्न नसकी समिति निश्क्रिय रहेमा गाउँपालका अध्यक्षले आवश्यक छानवीन गरी समिति विगठन गरी नयाँ समिति गठनका लागि कार्य पालिकामा प्रस्ताव पेस गर्न सक्नेछ ।

(४) उपनियम ३) बमोजिमको प्रस्ताब कार्यपालिलाई मनासिव लागेमा कार्य समिति र परिषद् भंग गरी यसै ऐन बमोजिम नयाँकार्य समिति र परिषद् गठन प्रक्रिया अगाडि वढाउनु पर्ने छ ।

१९. **राजिनामा सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष र पदाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत गाउँपालिका अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछ ।

(२) अध्यक्षले पदाधिकारी वा सदस्यका राजिनामा गाउँपालिका अध्यक्ष समक्ष पेस गर्नेछ ।

(३) गाउँपालिका अध्यक्षले मनोनित सदस्यको राजीनामा स्वीकृत गर्नेछ ।

(४) कार्यपालिकाद्वारा नियुक्त पदाधिकारी र सदस्यका राजिनामा गाउँपालिका अध्यक्षले आफ्नो राय सहित कार्यपालिकामा पेस गर्ने छ ।

(५) कार्यपालिकाले प्राप्त राजिनामाहरु स्वीकृत गर्न सक्नेछ ।

## परिच्छेद –६

## कोष तथा लेखापरीक्षण

२०. **कोष सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा १) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् ।

क) गाउँपालिकाबाट प्राप्त रकम,

ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,

घ) विदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,

ङ) व्याजबाट प्राप्त रकम,

च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा २) खण्ड घ) बमोजिम रकम प्राप्त गर्ने विधि प्रचलित कानून बमोजिम हुनेछ ।

(४) कोषको रकम बैंक मार्फत संचालन गरिनेछ ।

(५) कोष संचालनको लागि विरुवा प्रज्ञा प्रतिष्ठानको नाममा एक बैंक खाता रहनेछ ।

(६) बैंक खाता कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवको सयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(७) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२१. **लेखा र लेखा परीक्षणः** (१) आयव्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण गाउँपालिकाले गराउने छ ।

# परिच्छेद —७
# विविध

२२. **संरक्षक सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका अध्यक्ष संस्थाको संरक्षक रहने छ ।

२३. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछ ।

(२) उपदफा १) बमोजिमको कर्मचारीको नियुक्ति विरुवा गाउँपालिकाले गर्नेछ र पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

२४. **शपथ सम्बन्धी व्यवस्थाः** (१) आफ्नो पदभार ग्रहण गर्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची—१ बमोजिमको ढाँचामा शपथलिनु पर्नेछ ।

(२) कार्य समितिका अध्यक्षले गाउँपालिका अध्यक्षबाट शपथ लिनु पर्नेछ ।

(३) अन्य पदाधिकारी र सदस्यहरूले गाउँपालका अध्यक्षको उपस्थितिमा अध्यक्षबाट शपथ लिनु पर्नेछ ।

२५. **प्रतीक चिन्ह र छापः** प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसूची २ बमोजिमको हुनेछ ।

# अनुसूची १

दफा २४ को उपदफा १) सँग सम्बधित

## शपथको ढाँचा

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि विरुवा प्रज्ञा प्रतिष्ठानको ...................... नाताले म......................................मलाई दिएको जिम्मेवारी इमान्दारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको सृजना, संरक्षण, सम्बद्र्धन, संकलन र श्रीवृद्धिका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालच तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्नो क्षेत्रमा देश र जनताको सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

नाम थरः

पदः

दस्तखतः

मितिः

## अनुसूची २

दफा २५ सँग सम्बन्धित

संस्थाको छाप र चिन्ह

१. गोलाकार चिन्ह भित्र षट्कोण,

२. षट्कोणको वरिपरि नेपाली भाषामा, विरुवा प्रज्ञा प्रतिष्ठान विरुवा स्याङ्जा, गण्डकी प्रदेश र अंग्रेजी भाषामा Biruwa Academy, Biruwa Syangja Gandaki Provience लेखिएको हुनेछ ।

३. पुछारमा स्था. २०७९ र अंग्रेजीमा ESTD:2079 लेखिएका हुनेछ ।

४. षट्कोणको बिचमा खुला कापीमा चारतिरबाट एक एकवटा हातले कलम समाएर लेखिरहेको चिन्ह हुनेछ ।

आज्ञाले

चन्द्रकान्त भण्डारी

प्रमुख प्रशासकीय अधिकृत